# कलैया उपमहानगरपालिका

## उपमहानगर कार्यपालिकाको कार्यालय

बारा

### आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना

तेश्रो पटक प्रकाशित गरिएको सूचना : २०७५।०४।१२

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार आ.ब. ०७५।०७६ देखी आ.ब. ०७९।०८० सम्मको लागि माछापोखरी ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति (भ्याट, पान नं. भएको व्यक्ति), फर्म वा कम्पनीहरुले ७ दिन भित्र रु. १० को नगदी रसिद सहित रीत पूर्वक गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं | ठेक्का शिर्षक | वडा नं. | टोल | आ.ब | वर्ष | धरौटी खाता नं. | ठेक्काको व्यूनतम अंक रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| ४।०७४।०७५ | माछा पोखरी | २ | अवधापुर | ०७५/७६ – ०७९/८० | ५ वर्ष | १२६०३०३००७१०२ | ४,९५,००१।- | १,०००/- |
| ७।०७४।०७५ | माछा पोखरी | ९ | रामपुर | ०७५/७६ – ०७९/८० | ५ वर्ष | १२६०३०३००७१०२ | ६३,९८,६००।- | ३,०००/- |

**अन्य शर्तहरु**

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा. कार्यालय, बारा भनी प्रष्ट लेख्नुपर्नेछ ।

२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

३) बोलपत्र दाखिला गर्ने व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्र एवं फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र, आ.ब. ०७३।०७४ को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

४) ठेक्काको हकमा सूचना प्रकाशित भएको ८ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका कार्यालय, बारामा बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिईनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६) गत विगत वर्षहरुमा यस उपमहानगरपालिकालाई बुझाउनु पर्ने ठेक्का रकम नबुझाउने व्यक्ति वा फर्मले रकम बुझाएपछि मात्र ठेक्कामा भाग लिन पाउने छन् ।

७) बोलपत्रको साथ आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैंक कलैया शाखामा रहेको हि.नं. १२६०३०३००७१०२ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको विड वण्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९) ठेक्काको हकमा ठेक्का सम्झौता गर्दा कुल ठेक अंकको २५ प्रतिशतले हुन आउने रकम प्रथम किस्ता वापत नगदै बुझाउनु पर्नेछ । दोश्रो किस्ता २० प्रतिशत दोश्रो वर्ष, तेश्रो किस्ता २० प्रतिशत, चौथौ किस्ता २० प्रतिशत र पाचौं किस्ता १५ प्रतिशत पाचौं वर्षको असाढ मसान्तसम्म बुझाउनु पर्नेछ । साथै धितो वापत धनजमानी पनि राख्नु पर्नेछ ।

१०) ठेकेदारले सम्पूर्ण किस्ता चुक्ता गरी कर फुकुवा पत्र ल्याए पछि मात्र धरौटी फिर्ता गरिनेछ ।

११) ठेक्का लिए वापत प्रचलित कानून बमोजिम कुनै शुल्क कर दस्तुर इत्यादी तिर्नुपर्ने दायित्व ठेकेदारको रहनेछ ।

१२) ठेक्का स्वीकृत भई कार्यालयले माग गरे बमोजिमको पहिलो किस्ता रकम (२५%) दाखिला गरी धनजमानी सहित सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोकिएको मितिबाट ठेक्का संचालन गर्न पाईनेछ ।

१३) ठेक्का चलन गर्दा प्रचलित नेपाल कानून अनुसार मात्र चलन गर्नुपर्ने छ । न.पा. वा सार्वजिनक हित विपरित कुनै पनि कार्य गर्न गराउन ठेकेदारले पाउने छैन ।

१४) बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ ।

१५) ठेक्का सम्वन्धि कुनै विवाद भएमा उपमहानगरपालिकाको निर्णय नै मान्य हुनेछ ।

१६) नेपाल सरकार र कलैया उपमहानगरपालिका कार्यालयबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ । सो पालनाको कारणबाट क्षति वा घाटा भएको भनी क्षतिपुर्ति वा मिनाहा, छुट केही पनि प्राप्त हुनेछैन ।

१७) ठेक्का सम्वन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्ने सकिनेछ ।

१८) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत